कुनै अदालतबाट निर्णय हुनुपर्ने पीर मर्काको कुनै व्यक्तिको बिन्तिपत्र — १

अदालतका हाकिम उपरको उजुरी बिन्तिपत्र — — — १

देहायमा लेखिएका किसिम किसिमको समेत सेस्ता अड्डासम्बन्धीको बिन्तिपत्रहरूजति विभागीय सचिवालयहरूमा पठाइदिने —— —— २

सेस्ता अड्डामा छिन्न बाँकी भई परि रहेका अथवा भिन्न भिन्न सेस्ता अड्डाहरूले छिनेका मुद्दाविषयको बिन्तिपत्र —— —— १

कुनै सेस्ता अड्डाबाट निर्णय हुनुपर्ने पीर मर्काको कुनै व्यक्तिको बिन्तिपत्र १

सेस्ता अड्डाका हाकिमउपरको उजुरी बिन्तिपत्र — — — १

विभागीय सेक्रेटरीहरूउपरको उजुरी बिन्तीपत्रहरू जति उसै विभागीय श्री शाही परामर्शदाताहरूछेउ पठाइदिने — — — ३

विभागीय सचिवालयका श्री शाही परामर्शदाताहरू उपरको उजुरी बिन्तिपत्रहरूको हकमा हाललाई सेक्रेटरी अफिसबाट श्री ५ महाराजाधिराज र मौसूफका शाही परामर्शदातृ मण्डलमा पेश गरी निर्णय भएबमोजिम गर्ने — ४

अन्तरीम शासन विधानको २२ दफाबमोजिम श्री ५ महाराजाधिराजका अख्तियारीबाट निकाशा हुने बिन्तिपत्रहरूको हकमा जाहेर गरी हुकुम बक्सेबमोजिम गर्नलाई यहाँ पठाउनुपर्छ, पठाइदिने — — — — ५

आज्ञाले

तिलक शंसेर,

सेक्रेटरी— कानून तथा संसदीय प्रबन्ध विभाग

## गृह न्यायविभागको सूचना

बन्दीपुरमा रहेको अदालतलाई श्री ५ सरकारतर्फ पोखरा अदालत र पोखरामा रहेको अदालतलाई श्री ३ सरकारतर्फ पोखरा अदालतको नामले सम्बोधन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५९२



गरी आएकोमा जुन ठाउँमा रहेको छ, सोही नामले सम्बोधन भएमा प्रष्ट र भर-मुलुकका अरू अड्डासरहको संज्ञा हुन जाने हुनाले बन्दीपुरमा रहेकोलाई "बन्दीपुर अदालत" र पोखरामा रहेकोलाई "पोखरा अदालत" भन्ने नाम कायम गरी सोबमोजिम चलन गर्ने निर्णयअनुसार यो सूचना प्रकाश गरिएको छ।

आज्ञाले,
मेघनरसिंह प्रधान
सेक्रेटरी—गृहविभाग.

## गृह न्यायविभागको सूचना

प्रधान न्यायालयको काम काजलाई निम्न लिखित अड्डाहरू रही काम चली आएकोमा प्रधान न्यायालयको ऐन जारी भै प्रधान न्यायाधीश र अन्य न्याया-धीशसमेत नियुक्त भैसक्नुभएबाट साबिकबमोजिम अड्डा अड्डाको नाम कायम राखी छाड्न मनासीब नपरेकोले साबिक रही आएका निम्न लिखित अड्डाहरू एकै समस्तीमा ल्याई अब "नेपाल प्रधान न्यायालय" भन्ने नामबाट लेखापढी र सम्बोधन गर्ने निर्णयअनुसार सबैमा बोध भै लेखिएबमोजिम काम होस् भन्नानिमित्त यो विज्ञप्ति प्रकाश गरिएको छ।

| | | | |
|---|---|---|---|
| प्रधान न्यायालय —— | १ | प्रधान न्यायालय स्रेस्ता फाँट — | १ |
| ऐ पहिला फाँट —— | १ | ऐ स्रेस्ता अपील —— | १ |
| ऐ दोस्रा फाँट —— | १ | ऐ बिन्तिपत्र निक्सारी अदालत फाँट | १ |
| ऐ तेस्रा फाँट — | १ | ऐ मास्केवारी जाँच अदालत फाँट -- | १ |
| ऐ चौथा फाँट --- | | | |

आज्ञाले,
मेघनरसिंह प्रधान
सेक्रेटरी — गृहविभाग

गोरखापत्र छापाखानामा मुद्रित

५९३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।